# विद्यालय शिक्षाको अवधारणा र उच्च माध्यमिक शिक्षाको सरोकार

● नारायणप्रसाद कोइराला

## १. पृष्ठभूमि

विश्वभर प्रचलित उच्च माध्यमिक शिक्षा (Higher /Senior Secondary Education) प्रणाली वर्तमान विश्वको दिन प्रतिदिन बदलिंदो परिस्थिति र समयको मागअनुसार विश्वले पुर्णरूपमा अंगीकार गरेको अत्यावश्यक पद्धति हो । उच्च माध्यमिक शिक्षा प्रणाली कुनै घटना विशेषबाट उब्जेको नभई शिक्षामा बढ्दो विश्वव्यापीकरणको कारणले शिक्षाविद् र बौद्धिक जगतको स्वाभाविक अनुभूति र आवश्यकताबाट लागू गरिएको हो । यो तथ्यलाई कसैले नकार्न मिल्दैन ।

उच्च तह र माध्यमिक तहमा हुनुपर्ने आवश्यक सुधारको लागि राज्यको ध्यान आकर्षित भई तत्कालीन राष्ट्रिय शिक्षा समितिद्वारा गठित कार्यदलले उच्च माध्यमिक शिक्षाको औचित्य र स्वरूप सम्बन्धमा २०४५ साल चैत्र १६–१७ गते झापामा तथा २०४६ साल जेष्ठ ३०–३१ गते काठमाडौंमा गोष्ठी आयोजना गरी शिक्षा क्षेत्रका विद्वानहरु बीच व्यापक छलफल गराई उक्त छलफलबाट आएको निष्कर्ष अनुरुप यस कार्यक्रमले मूर्तरूप लिएको हो । यिनै पृष्ठभूमिलाई मध्यनजर गर्दै २०४६ कार्तिक ११ गते उच्च माध्यमिक शिक्षा ऐन–२०४६, प्रकाशनमा आई २०४६ फागुन १२ गते देखि उक्त ऐन लागू भयो ।

## २. उच्च माध्यमिक शिक्षाको औचित्य

देशको बदलिँदो राजनीतिक परिस्थिति र २१औं शताब्दीको चुनौतिपूर्ण विश्वव्यापीकरणको युगमा उन्नत, गुणात्मक र विकशित शिक्षा पद्धतिको सृजना, कार्यान्वयनको खाँचो तथा सो को स्थायित्वको प्रतिवद्वता अनुरुप अन्य देशहरूमा जस्तै माध्यमिक शिक्षामा दुई बर्ष थप गरी उच्च माध्यमिक शिक्षा व्यवस्था लागू गरिएको हो । यस शिक्षा व्यवस्थालाई लागू गर्नुपर्ने औचित्यहरू यस प्रकार छन् :

- उच्च माध्यमिक शिक्षामा विशिष्ठ चारित्रिक गुण छ, किन भने उच्च माध्यमिक विद्यालयहरू विद्यार्थी र अभिभावकको समिपमै रहेका हुन्छन् । विभिन्न समस्याले गर्दा घरभन्दा टाँढा क्याम्पसमा गएर अध्ययन गर्न नसक्ने विद्यार्थीहरूलाई यस कार्यक्रमले उच्च शिक्षामा सहभागिता बढाउने अवसर प्रदान गर्दछ ।
- उच्च माध्यमिक शिक्षाको प्रभावकारी संचालन पद्धतिले समता (Equity) को आवश्यकतालाई खास रूपले ध्यान दिएको छ । समाजमा पिछडिएका वर्ग, सीमान्तिकृत जनसमुदाय, सुविधाविहीन वर्ग र महिलाहरूलाई सहुलियत प्रदान गर्न यो पद्धति र यसको संचालन विधि बढी सक्षम देखिएको छ ।
- यस तहको शिक्षालाई अलग्गै स्वायत्त निकायबाट संचालन गर्दा गुणस्तरीय शिक्षा प्रदान हुनुका साथै विश्वविद्यालयहरू क्रमशः प्रवीणता प्रमाणपत्र तहको झन्झटबाट मुक्त भएका छन् ।
- १६/१७ वर्षको उमेर अत्यधिक नाजुक अल्पवयस्क उमेर हुने भएकोले विद्यालयको वातावरणले र यस उमेर समूहका विद्यार्थीहरूको भावनालाई शिक्षकबाट हुने सम्मानको कारणले समेत उच्च माध्यमिक तहको शिक्षाको विशिष्टीकरण आवश्यक छ । साथै यो उमेरमा विद्यार्थी सान्है साना पनि नरहने र ठूलो पनि भई नसकेको अवस्थामा यिनीहरूलाई अभिभावकसँगको सन्निकटता कायमै राख्न मनोवैज्ञानिक रूपले किशोरावस्थाका सम्भावित नकारात्मक व्यवहारबाट परै राख्नको लागि समेत उच्च माध्यमिक तहको शिक्षा औचित्यपूर्ण छ ।
- अन्तर्राष्ट्रिय रूपमा प्रायः सबै मुलुकले उच्च माध्यमिक शिक्षा पद्धति कतै Senior Secondary, कतै Higher Secondary र कतै Pre University Education को रूपमा अपनाएका छन् । नेपालमा २०४६ सालमा यो पद्धति लागू गर्ने सोच आउँदा अन्तर्राष्ट्रिय ढाचासँग समानता कायम

गराएरै यो पद्धति २०४९ देखि लागू गरिएको हो । हाल कतिपय उच्च माध्यमिक विद्यालयहरू ०+२ (Stand Alone) को रूपमा मात्र संचालन भए पनि त्यो समेत विद्यालय शिक्षाकै अंग हो । अन्तर्राष्ट्रिय क्षेत्रले र उच्च माध्यमिक शिक्षा ऐन, २०४६ ले यो शिक्षा पद्धतिलाई माध्यमिक शिक्षाको Up- Ward Extension कै रूपमा मानेको छ ।

## ३. उच्च माध्यमिक शिक्षाको उद्देश्य

शिक्षाको क्षेत्रमा नयाँ विचार र दृष्टिकोण आइरहेका छन् र आउनु पर्दछ पनि । यसैबाट संसारमा ज्ञानको भण्डार विस्तार हुँदै गएको छ । ज्ञान आर्जन गर्ने तरिकामा परिवर्तन भइरहने हुनाले हरेक मानिसले आफूलाई नयाँ ज्ञान आर्जन गर्ने प्रविधिबारे सु-सूचित राख्नु जरूरी छ । यसबाट देशको शिक्षा पद्धतिले नयाँ सोच, नयाँ प्रविधि र नयाँ दृष्टिकोणलाई समेट्ने अवसर प्राप्त गर्दछ । त्यसै अनुरूप नेपालको माध्यमिक, उच्च माध्यमिक र उच्च शिक्षालाई समकालीन शिक्षाको दाजोंमा पुऱ्याउनका लागि उच्च माध्यमिक तहको शिक्षा लागू गरिएको हो । खास गरेर १०+२ को कार्यक्रम निम्न लिखित उद्देश्यहरू उपलब्ध गर्ने ध्येय अनुरूप ल्याइएको हो ।

- नेपालको शिक्षा प्रणालीलाई विश्वका अन्य मुलुकका शिक्षा प्रणालीसँग मिल्दोजुल्दो बनाउने,
- शिक्षामा भएका ज्ञानमूलक र नौलो सोच/खोज (Research) बाट प्राप्त जानकारीहरू यस तहलाई काम लाग्ने गरी समावेश गरेर यसलाई सुदृढ गर्ने,
- विद्यालयीय शिक्षा प्रणालीलाई आधारभूत शिक्षा, माध्यमिक शिक्षा एवं उच्च माध्यमिक शिक्षाको रूपमा विकास गरी सम्पूर्ण रूपमा सक्षम बनाउने,
- दलित, जनजाति, सीमान्तिकृत, पिछडिएका वर्ग, गरिबीको रेखामुनि रहेका वर्गहरूलाई कक्षा १२ सम्मको शिक्षा सुलभ गराउने,
- यस तहको शिक्षामा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने,
- अध्ययनको अवसर प्राप्त नभएका कारणले हुन सक्ने बसाइँ-सराई रोक्ने,
- शिक्षकहरूको क्षमता र स्तर वृद्धि गर्ने,
- शैक्षिक एवं पाठ्य सामग्री सकभर देशभित्र तयार गरी समय सापेक्ष गराउने,
- समुदायको सहभागिता अभिवृद्धि गरी यस तहमा सामुदायिक योगदान विस्तार गर्ने,
- माध्यमिक, उच्च माध्यमिक र उच्च शिक्षालाई अन्तर्सम्बन्धित बनाई उपलब्धिमूलक एवं स्वायत्त रूपमा संचालन गर्ने गरी समायोजन गर्ने,
- उत्पादनशील जनशक्ति तयारी गर्ने,
- उच्च शिक्षामा गुणात्मक सुधारका लागि पूर्वाधार खडा गर्ने,

## ४. उच्च माध्यमिक शिक्षा परिषद्का कार्यहरू

राष्ट्र निर्माणका लागि विभिन्न क्षेत्रमा आवश्यक मध्यमस्तरीय जनशक्ति तयार गर्नु एवं विशिष्टीकृत उच्च शिक्षा हासिल गर्नका लागि योग्य विद्यार्थीहरू उत्पादन गर्नका लागि परिषद्बाट निम्न कार्यहरू सम्पादन हुन्छन् :-

- उच्च माध्यमिक तह संचालन गर्नका लागि विद्यालयहरूलाई सम्बन्धन प्रदान गर्नु,
- पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण एवं परिमार्जन गर्नु,
- परीक्षा संचालन एवं नतिजा प्रकाशन गर्नु,
- उच्च माध्यमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्नु,
- उच्च माध्यमिक विद्यालयहरूको अनुगमन/निरीक्षण एवं मूल्याङ्कन गर्नु,
- उच्च माध्यमिक शिक्षासम्बन्धी नीति, योजना तर्जुमा गर्नु र कार्यक्रमहरूको कार्यान्वयन गर्नु आदि,

## ५. उच्च माध्यमिक शिक्षाका चुनौतिहरू

- **सामाजिक पक्ष**

उच्च माध्यमिक शिक्षाको महत्त्वपूर्ण मान्यता के रहेको छ भने यस तहको शिक्षाको अवसर वितरणमा सामाजिक न्यायको सिद्धान्त पालना गर्नु । यस परिप्रेक्षमा समाजमा गरिबीको रेखामुनि रहेका सुविधाविहीन वर्ग, महिला आदिलाई यस तहको शिक्षामा सहभागी गराउनु यस तहको शिक्षाको प्रमुख सैद्धान्तिक आधार हो । विभिन्न भौगोलिक परिवेस भित्र अवस्थित समुदायलाई यस तहको शिक्षाको अवसरद्वारा उच्च शिक्षा वा अन्य सीपमूलक शैक्षिक कार्यक्रमप्रति उन्मुख गराउनु पनि यसको अर्को विशिष्ट ध्येय हो । यस तहको शिक्षाका यी महानतम् मान्यताहरू सोचे जति चरितार्थ हुन सकेको छैन । यस तहको शिक्षाको अवसर सामान्यतया शैक्षिक, आर्थिक र सामाजिक रूपले अग्रपङतीमा रहेका वर्गले प्राप्त गरेको जस्तो देखिन्छ ।

- **आर्थिक पक्ष**

यस तहको शिक्षाको आर्थिक पक्षलाई विश्लेषण गर्दा असन्तुलित र अव्यवहारिक देखिन्छ । शैक्षिक प्रणाली भित्रको अत्यधिक महत्त्वपूर्ण उप-प्रणाली भए तापनि यसमा सरकारी अनुदान हेर्दा सरकार उदाशीन रहेको भन्नुपर्ने हुन्छ । निजी र सामुदायिक विद्यालयहरूको आर्थिक अवस्थामा ठूलो भिन्नता भएको कारणले त्यसको प्रभाव शैक्षिक गुणस्तरमा परेको छ ।

- **शैक्षिक पक्ष**

सामुदायिक विद्यालयहरूमा योग्यता पुगेका शिक्षकहरू पर्याप्त मात्रामा उपलब्ध हुन नसक्नु, प्रभावकारी शिक्षण सिकाई हुन नसक्नु तथा शैक्षिक वातावरणको क्रिया र प्रतिक्रिया बीच अल्मलिनुले पाठ्यक्रमलाई जीवनको व्यवहारिक र कामको संसार (World of Work) सँग जोड्ने गरी प्रवोधिकरण गर्न सकिएको छैन । साथै माध्यमिक तह, उच्च माध्यमिक तह र उच्च तहको पाठ्यक्रम निर्माण कार्य प्याकेजको रूपमा गर्न नसक्नु अर्को चुनौति हो ।

- **परीक्षा सम्बन्धी**

परीक्षाका चुनौतिहरू विभिन्न किसिमका छन् । मर्यादित, स्वच्छ र स्तरीय परीक्षा संचालन प्रमुख चुनौति हो । हाम्रो शिक्षा पद्धति ज्ञानमुखी भन्दा धेरै परीक्षामुखी भएकोले जे सुकै गरेर भए पनि पास हुने मनोवृत्ति अधिकांस विद्यार्थीमा देखिन्छ । यो भावनामा परिवर्तन ल्याउनको लागि नेपाललाई अझै १५/२० वर्ष लाग्दछ । Pre Examination Management र Post examination Management पनि अर्को चुनौतिको रूपमा रहेको छ ।

- **संस्थागत विकास**

बिचमा प्राज्ञिक नेतृत्व हटाइएको अवस्था परिषद्को इतिहासमा एउटा कालरात्रि थियो । मौजुदा नेतृत्व र विज्ञहरूको सहयोगबाट परिषद्लाई पुगेको योगदान उल्लेखनीय छ । वर्तमान अवस्थामा परिषद्को कार्यक्षेत्र बढ्दै गएको र यसका प्राज्ञिक, प्रशासनिक तथा व्यवसायिक पक्षका सुधारात्मक कार्यक्रममा गतिशील प्रवाह बढ्दै गएको भए पनि व्यक्ति/व्यक्तिको सनकबाट यसको ऐन र संरचनामा भइरहने र भविष्यमा हुन सक्ने परिवर्तन (छेडछाड) ले विद्यालय शिक्षाबाट सरोकारवालालाई निरास तुल्याएको छ ।

- **वैदेशिक सहयोग/परियोजना**

उच्च माध्यमिक शिक्षा कार्यक्रममा जुन रूपमा वैदेशिक सहयोग आउनुपर्ने हो आउन सकेको देखिँदैन । आएका परियोजनाहरू पनि सही स्वरूपमा आउन नसकेको कारणले वैदेशिक लगानीको प्रक्षेपण कक्षा कोठासम्म हुन सकेको छैन । हालै उच्च शिक्षा परियोजना (दोस्रो) मा Higher Secondary Component को Implementing Agency को रूपमा शिक्षा विभाग रहेको छ । विभागबाट संचालित अन्य आयोजनाहरूको उपलब्धि दर एवं विभागको कार्यबोझ समेतलाई हेर्दा

उच्च माध्यमिक शिक्षासँग सम्बन्धित परियोजना प्रभावकारी हुनेमा विश्वस्त हुने आधारहरू देखिँदैन । साथै मन्त्रीले अध्यक्षता गर्ने एवं प्राज्ञिक व्यक्तिले नेतृत्व गर्ने परिषद् जस्तो स्वायत्त शैक्षिक संस्थाको परियोजना संचालन कर्मचारीले नेतृत्व गर्ने निकायले गर्ने कुरो सान्दर्भिक देखिँदैन् ।

- **सम्बन्धन**

  वर्तमान अवस्थामा सम्बन्धन प्राप्त विद्यालयहरू ११९७ पुगिसकेका छन् । सम्बन्धनको पूर्वाधार र शर्तहरू पालना गर्ने सहमतिमा उच्च माध्यमिक तह संचालन गर्न सम्बन्धन प्रदान गरिन्छ । शाही शासनकालमा आएको अध्यादेशको व्यवस्थामा भएको निरन्तरताबाट सम्बन्धनपूर्व जिल्ला शिक्षा समिति, क्षेत्रीय शिक्षा निर्देशनालय र शिक्षा विभागको सिफारिस अनिवार्य गरिएको छ जसबाट प्रशासनयन्त्रमा लालफिताशाहीको झलक पाइन्छ । यो पद्धति र प्रक्रिया उच्च माध्यमिक शिक्षाको लागि चुनौतिको रूपमा देखिएको छ । साथै सम्बन्धन दिँदैमा विद्यालय सुनिश्चित रूपमा संचालन हुन्छ भन्ने छैन र सम्बन्धन प्रदान गर्दा विद्यालय नक्साङ्कनलाई आधार नबनाउँदा यस तहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउन सकिँदैन ।

- **शिक्षक व्यवस्थापन**

  उच्च माध्यमिक तहमा अध्यापन गर्ने शिक्षककहरूको सेवाको स्थायित्व नभएको कारणले गर्दा उच्च माध्यमिक शिक्षामा स्थायित्व नभएको जस्तो देखिन्छ । उच्च माध्यमिक तहका शिक्षककहरूको स्तर निर्धारण हुन नसक्नु र ऐनद्वारा सेवाको स्थायित्व हुन नसक्नु चुनौतिको रूपमा रहेको छ ।

- **विद्यालय व्यवस्थापन**

  उच्च माध्यमिक शिक्षाका व्यवस्थापन समिति पनि अनेक रूपका छन् । विद्यालय व्यवस्थापन समितिमा एक रूपता आउन नसक्नु र व्यवस्थापन समिति र विद्यालयको प्राज्ञिक नेतृत्व बीच तालमेल नहुनु थप चुनौति बनेको छ ।

- **उच्च माध्यमिक शिक्षाको संरचना**

  उच्च माध्यमिक शिक्षाको संरचना हालको अवस्थामा मुख्य चुनौतिको रूपमा रहेको छ । विद्यालय शिक्षालाई एकीकृत गर्ने नाममा नीति/योजना/विद्यालय शिक्षा सम्बन्धमा अन्तर्राष्ट्रिय मान्यता तथा विभिन्न शिक्षासम्बन्धी आयोगको प्रतिवेदनहरूको अपव्याख्या गरिएको छ । विद्यालय शिक्षाको संरचना हाल चार तहको रहेकोमा सो लाई दुई तहमा ल्याउने १-८ र ९-१२ नराम्रो भन्न मिल्दैन । तर, उक्त तहको संरचना कसरी संचालन हुने भन्ने विषय चुनौतिको रूपमा रहेको छ । यसमा अर्को चुनौति के पनि देखिएको छ भने, विद्यालय शिक्षालाई प्रशासनिक नेतृत्वबाट कसरी प्राज्ञिक नेतृत्वमा लैजाने ? तथा कसरी क्रमशः स्वायत्त रूपमा संचालन गर्ने ?

## ६. <u>चुनौतिहरूको समाधानमूलक कार्यनीति</u> :

उच्च माध्यमिक शिक्षाका माथि उल्लेख गरिएका चुनौतिहरूको सामना गर्न दृष्टिगत गरेका कार्यनीतिहरू यस प्रकार छन् :-

- **सामाजिक पक्ष**

उच्च माध्यमिक शिक्षाको उपादेयताबारे समाजमा जागरण ल्याउने कार्यक्रम संचालन गर्ने । सुविधाविहीन युवा एवं छात्राहरूको उच्च माध्यमिक तहमा सहभागिता बढाउन छात्रवृत्तिको मौजुदा व्यवस्थालाई सुदृढ गर्ने । उच्च माध्यमिक शिक्षालाई सामाजिक उत्थानको सशक्त माध्यम बनाउने । सम्पन्न र विपन्नबीचको भेदलाई कम गर्न सामाजिक न्यायको सिद्धान्तलाई मनन् गर्दै ग्रामीण र

शहरी, दुर्गम र सुगम तथा विपन्न र सम्पन्न जुनसुकै क्षेत्रमा पनि एकै खालका सम्बन्धनका पूर्व शर्तहरूलाई फेरवदल गरी परिस्थिति सापेक्ष पूर्वशर्तहरू निक्यौल गर्दै लैजाने ।

- **आर्थिक पक्ष**

उच्च माध्यमिक शिक्षालाई दिइने आर्थिक अनुदान माध्यमिक र उच्च तहलाई दिइने अनुदानको अनुपात अनुरूप न्यायोचित आधारमा उपलब्ध गराइनुपर्ने । अनुदान सहयोग प्रदान गर्दा उच्च माध्यमिक विद्यालयहरूको विविध परिस्थिति, परिवेश र विषयगत रूप समेतलाई ध्यानमा राख्ने । स्थानीय स्तरमा स्रोत परिचालन गरी विद्यालयको आर्थिक अवस्थामा सुधार ल्याउने । उच्च माध्यमिक शिक्षाको विकास कार्यक्रम संचालन गर्नको निम्ति विदेशी दातृ संस्थाहरूको सहयोग उपलब्ध गर्ने । उच्च माध्यमिक विद्यालयहरूको विविधतालाई दृष्टिगत गरी शुल्क संरचना र आर्थिक व्यवस्थापनलाई नियमित गर्न नीतिगत रूपमा दायरा तोक्ने ।

- **शैक्षिक पक्ष**

उच्च माध्यमिक विद्यालयमा योग्यता पुगेका शिक्षक को अभाव नै मुख्य चुनौतिको रूपमा रहेको हुँदा यस अभावलाई नीराककरण गर्नका लागि सरकारी अनुदान अन्तर्गत तत्काल कमसेकम पाँच जना स्थायी शिक्षकको व्यवस्था गर्नुपर्ने । उच्च माध्यमिक विद्यालयहरूका निम्ति योग्यता नपुगेका तर माध्यमिक तहमा स्थायी शिक्षक भई काम गरेका शिक्षकहरूको लागि योग्यता अभिवृद्धिको अवसर प्रदान गर्ने । योग्यता पुगेका कार्यरत शिक्षकहरूलाई अल्पकालीन तालिमको व्यवस्था गर्ने । सामुदायिक स्तरमा संचालित उच्च माध्यमिक विद्यालयहरूमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न उदाहरण स्वरूप संचालित नमूना उच्च माध्यमिक विद्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउने । क्षेत्रीयस्तरमा रहेका उच्च माध्यमिक शिक्षा परिषद्को कार्यालयलाई अझ सशक्त बनाएर लैजाने । दक्षिणपूर्वी एसियामा रहेका अति विकसित सामुदायिक उच्च माध्यमिक विद्यालयका अनुभवहरूलाई लिई उच्च माध्यमिक विद्यालयहरूको भौतिक र शैक्षिक गुणस्तरमा सुधार ल्याउने । उच्च माध्यमिक तहमा पढाइने विषयहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको छनौट गर्ने, लेखाउने तथा प्रकाशन गराउने कार्यलाई गम्भीरताका साथ अघि बढाउने । पाठ्यक्रम अनुरूपका उपयुक्त पाठ्यपुस्तकहरू लेखाउन निजी क्षेत्रका प्रकाशकहरूलाई प्रोत्साहन गर्ने ।

- **परीक्षा**

उच्च माध्यमिक शिक्षाको परीक्षामा सुधार गर्ने क्रमलाई प्रवेशिका र स्नातक तहको परीक्षा प्रणालीमा समेत सुधार पुऱ्याउन सक्ने हिसाबले हाल परिषद्ले गरेका प्रयासहरू निरन्तर राख्ने । परीक्षा संचालनका क्रममा स्थानीय प्रशासनका निकायहरूको अधिकतम सहयोग जुटाउने । परीक्षाका निम्ति प्रश्न निर्माण, संशोधन तथा संपरीक्षणका कार्यमा प्राज्ञिक तथा विशेषज्ञ टोलीको संलग्नता र जिम्मेवारी अझ बढाउने । प्रश्नपत्रको ढाँचामा विषयको प्रकृति अनुसार केही भिन्नता रहे पनि प्रायः एकरूपता कायम गर्ने । प्रश्नहरू भरसक वस्तुगत प्रकृतिका बनाउनुपर्ने । माध्यमिक शिक्षा र उच्च माध्यमिक शिक्षाको संचालन प्राज्ञिक व्यक्तिको नेतृत्व रहने स्वायत्त संस्थाबाट गर्ने दृष्टिकोणलाई क्रमशः कार्यान्वयनतर्फ अगाडि बढाउने । परिषद्को मौजुदा परीक्षा नियन्त्रण कार्यालयलाई उक्त प्रयोजनका निम्ति सक्षम बनाउने ।

परिषद्को क्षेत्रीय सम्पर्क कार्यालयलाई क्षेत्रीय बोर्डको रूपमा रूपान्तरण गरी माध्यमिक एवं उच्च माध्यमिकका परीक्षा संचालन र व्यवस्थापनका अन्य कार्यहरूमा संलग्न गराउन केन्द्रीय स्तरमा नीतिगत पक्ष प्रष्ट पार्ने । यो कार्यक्रमलाई कुनै एक क्षेत्रमा परीक्षणको रूपमा लिने र देखापरेका कठिनाईहरूलाई समाधान गर्ने उपाय पत्ता लगाउने । प्रत्येक जिल्लालाई आफ्नो जिल्ला भित्रका उच्च माध्यमिक विद्यालयहरूको अन्तिम परीक्षा स्वस्थ रूपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार सहित सक्षम तुल्याउने ।

- **संस्थागत विकास**

उच्च माध्यमिक शिक्षा परिषद्को स्वायत्तताको प्रकृति र यसका कार्यक्षेत्रहरूलाई स्पष्ट रूपमा किटान गर्ने । शिक्षा मन्त्रालय र यसका क्षेत्रीय, जिल्लास्तरीय, स्थानीय निकाय एवं अन्तर्राष्ट्रिय क्षेत्रहरूसँग कायम हुनुपर्ने सम्बन्ध र उपलब्ध गर्ने सहयोगको प्रकृतिका बारेमा स्पष्ट पार्ने । उच्च माध्यमिक शिक्षा परिषद्का प्राज्ञिक एवं व्यवस्थापन पक्षका विविध कार्यहरू प्रभावकारी रूपले संचालन गर्न र शिक्षकहरूको पेशागत स्तर वृद्धिका अल्पकालीन एवं दीर्घकालीन व्यवस्था मिलाउन यसको कार्यदक्षतामा वृद्धि गर्ने । विषय छनौट र अध्ययनमा प्रभावकारिता बढाउने उद्देश्य अनुरूप उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूका लागि निर्देशन तथा परामर्श सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने । परिषद्का भौतिक, मानवीय एवं आर्थिक क्षमता अभिवृद्धि गर्न उपयुक्त कार्यक्रमहरू संचालन गर्ने ।

- **वैदेशिक सहयोग/परियोजना**

उच्च माध्यमिक शिक्षा परिषद्का निम्ति माध्यमिक शिक्षा विकास परियोजना र उच्च शिक्षा परियोजना अन्तर्गत समाविष्ट गरिएका स्रोतहरूको सही एवं प्रभावकारी उपयोगको निम्ति कार्यमूलकरूपमा समन्वय हुन सक्ने अवस्था देखिँदैन । उच्च माध्यमिक तहको शैक्षिक उन्नयन र भोतिक पूर्वाधार निर्माणको लीगि आएको कार्यक्रम परिषद् बाहेक अर्को निकायबाट संचालन हुनु गलत हो । अतः उक्त परियोजनाको Implementing Agency को रूपमा परिषद् नै हुनु पर्दछ ।

- **सम्बन्धन**

सम्बन्धनको लागि आवेदन दिने प्रत्येक विद्यालयको भौतिक, आर्थिक र मानवीय स्रोतको विस्तृत अध्ययन गरी शर्त पूरा गर्ने विद्यालयहरूको सूची बनाउने । हाल सञ्चालनमा रहेका तर शर्त पूरा नभएका विद्यालयहरू पत्तालगाई शर्त पूरा गर्ने अवधि तोक्ने र शर्त पूरा गर्न नसक्ने विद्यालयहरूको सम्बन्धन क्रमशः खारेज गर्दै लैजाने । प्रत्येक जिल्लाका माध्यमिक विद्यालयहरू एवं चालु उ.मा.वि.हरूको नक्साङ्कन भइसकेकोले त्यसैको आधारमा देशको लागि आवश्यक उच्च माध्यमिक विद्यालयहरूको संख्या निर्धारण गर्ने । यसरी अवस्थिति, कार्यक्रम र भौतिक सुविधा असुविधाका प्रकृतिलाई हेरी सम्बन्धनका पूर्वशर्तहरूलाई लचिलो बनाउँदै लैजाने ।

- **शिक्षक व्यवस्थापन**

  उच्च माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकहरूको सेवाको स्थायित्वका लागि सामुदायिकको हकमा उच्च माध्यमिक शिक्षा सभाले तोकेको दरबन्दी अनुरूप स्थायी पदपूर्ति गर्ने र सोको लागि उच्च माध्यमिक शिक्षक सेवा आयोगको व्यवस्था ऐनद्वारा गर्ने । साथै निजी विद्यालयका शिक्षकहरूको हकमा सामुदायिकका शिक्षक सरह सेवाको सुरक्षा प्रदान गर्ने तथा वृत्ति विकासको अवरहरू समानुपातिक रूपमा प्रदान गर्न शिक्षक व्यवस्थापनसम्बन्धी विनियम/निर्देशिका तयार गरेर तत्काल लागू गर्ने ।

- **विद्यालय व्यवस्थापन**

माध्यमिक विद्यालयहरूसँग आवद्ध भई संचालित उच्च माध्यमिक कार्यक्रमका लागि सोही विद्यालयका व्यवस्थापन समितिहरूलाई नै उच्च माध्यमिक तहको अभिभारा वहन गर्न उपर्युक्त र सक्षम बनाउने । उच्च माध्यमिक विद्यालयहरूको व्यवस्थापनमा विकेन्द्रीकरणको अवधारणालाई अवलम्बन गर्ने । उच्च माध्यमिक शिक्षाको प्रभावकारी संचालन र विस्तारका लागि व्यवस्थापन समितिलाई बढी जिम्मेवार बनाउने ।

- **उच्च माध्यमिक शिक्षाको संरचना**

उच्च माध्यमिक तहको संरचना अन्ततः ९-१२ को स्वरूपमा ल्याउने । हाल +२ मात्र संचालन गरेका शैक्षिक संस्थाहरूलाई समेत भविष्यमा माध्यमिक विद्यालयको संरचनासँग आवद्ध हुन ९-१०

कक्षा समेत संचालन गर्न प्रेरित गर्ने । साथै विद्यालय शिक्षाको संगठनात्मक स्वरूप परिषद्‌बाट तयार गरी विधायिका संसद्‌को जनसंख्या तथा सामाजिक समिति एवं सरकारलाई बुझाएको दस्तावेजमा उल्लेख भए बमोजिम हुनुपर्ने ।

## ७. दशौं पञ्चवर्षीय योजनामा उच्च माध्यमिक शिक्षा

- कक्षा –१ देखि १२ सम्मको कार्यक्रमलाई विद्यालय शिक्षा मानी सोही अनुरुप **पाठ्यक्रम, परीक्षा र वित्तीय व्यवस्थापन** सुदृढीकरण गर्ने ।
- कक्षा १-१२ सम्मको **एकीकृत पाठ्यक्रम विकास गर्ने**, हरेक **निर्वाचन क्षेत्रमा १/१ वटा पर्ने** गरी २०५ वटा सामुदायिक उच्च माध्यमिक विद्यालयको व्यवस्था गर्ने ।
- उच्च माध्यमिक तहलाई विद्यालय शिक्षाको अन्तिम बिन्दुको रूपमा अङ्गिकार गरी सोही अनुरुपको संस्थागत व्यवस्था मिलाउने र विद्यालय शिक्षाको संरचनामा सुधार गर्ने ।
- त्रिभुवन विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह **क्रमशः विस्थापन गर्दै उच्च माध्यमिक शिक्षामा समाहित गर्ने ।**
- हाल लिने **गरिएको कक्षा -११ को परीक्षालाई विद्यालय तहमा संचालन गरी** कक्षा -१२ को अन्तिम परीक्षा राष्ट्रिय स्तरमा कायम गर्ने

## ८. विद्यालय शिक्षाको गुणस्तर किन वृद्धि हुन सकेन ?

- शिक्षामा व्यापक राजनीतिक हस्तक्षेप भएर,
- विद्यालयमा पेशागत दक्षता र नेतृत्व दिने क्षमता भएकाहरूको कमी हुनाले,
- सम्पूर्ण शिक्षा प्रणालीमा केन्द्रीकरण भएकोले,
- संगठनात्मक संरचनाबाट सेवा प्रदान गर्ने निकायहरुको समन्वय र जवाफदेहितामा कमी भएकोले,
- शिक्षा प्रशासकमा शैक्षिक व्यक्तित्त्व भन्दा प्रशासनिक व्यक्तित्त्व हावि हुन गएकोले,
- शिक्षकहरूको तालिम वस्तुपरक आधारमा नभई संख्यात्मक उपलब्धिका आधारमा हुने प्रचलन रहेकोले,
- प्रधानाध्यापक र शिक्षकलाई कामप्रति झुकावको लागि पर्याप्त मात्रामा Motivation नहुनाले,
- समुदाय र विद्यालयबीच समन्वयको अभाव तथा समुदायमा विद्यालयप्रतिको अपनत्व जगाउन नसक्नाले,
- अनुगमन र सुपरीवेक्षण अत्यधिक कमजोर हुनाले,
- गुणस्तरीय शैक्षिक ज्ञानभन्दा परीक्षामुखी पाठ्यक्रम र शिक्षण प्रविधिमा बढी जोड दिनाले,
- विद्यालयलाई उपलब्ध गराउने बजेटका अधिकांस रकम तलबमा खर्च हुने र गुणात्मक शिक्षामा रकम लगानी गर्नुको महत्त्व सम्बन्धितहरूले नबुझ्नाले,
- सिकाइमुखी शिक्षण पद्धतिले प्राथमिकता पाउन नसक्नुले,

## ९. विद्यालय शिक्षाको एकीकृत संरचनाका लागि प्रस्तावित अवधारण र यसको असर

"शिक्षाको संरचनालाई समग्र विद्यालय क्षेत्र पद्धति अनुरूप संरचनाको विकास गरी विद्यालय शिक्षालाई समतामूलक अवधारणाको रूपमा विकसित गर्दै लैजान कक्षा १-८ लाई आधारभूत शिक्षा तथा कक्षा ९-१२ लाई माध्यमिक शिक्षा मान्दै कक्षा १-१२ सम्मको शैक्षिक कार्यक्रमहरूलाई निरन्तरता दिने" भन्ने उद्देश्य निर्धारण गरी हाल कार्यक्रम अघि बढाइएको छ । दशौं पञ्चवर्षीय योजना र विभिन्न शिक्षा आयोगका प्रतिवेदनहरू (राष्ट्रिय शिक्षा अयोग -२०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग -२०५५,

शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समिति २०५८ आदि) ले समेत विद्यालय शिक्षाको स्वरूप बारे बोलेका छन् । त्यसैले आधारभूत शिक्षा, माध्यमिक शिक्षा र उच्च माध्यमिक शिक्षालाई एकीकृत अवधारणाबाट लिएर हिँड्नु नराम्रो भन्न मिल्दैन । तर, यहाँ मूल विषय उठाउन खोजिएको के हो भने दशौं पञ्चवर्षीय योजना तथा शिक्षासम्बन्धी विभिन्न आयोगले विद्यालय शिक्षालाई एकीकृत गर्ने भनेको आसय प्रशासनिक नियन्त्रण मा ९, १०, ११ र १२ को शिक्षालाई लैजाने भनेर पटक्कै भनेको होइन । कक्षा ११ र १२ माध्यमिक शिक्षाको Up Ward Extention भएको हुँदा यो शिक्षा पद्धतिलाई ९ र १० सँग जोडेर विद्यालय शिक्षादेखि नै व्यवसायिक धार र साधारण धार (प्राज्ञिक) मा बालबालिकाहरूलाई लैजाँदा विशिष्टीकृत शिक्षा उपलब्ध गराउन सकिन्छ र यस्तो शिक्षा प्राज्ञिक व्यक्तिहरूको नियन्त्रण र संलग्नतामा स्वायत्त संस्थाको माध्यमबाट मात्र संचालन गर्नुपर्दछ भन्ने दशौं योजना तथा शिक्षासम्बन्धी विभिन्न आयोगका प्रतिवेदनहरूको आशय हो । अन्तर्राष्ट्रिय क्षेत्रको समेत मान्यता र प्रचलन यही रहिआएको छ । तर, हाल School Sector Approach कार्यक्रमअन्तर्गत ल्याइएको अबधारणाले विद्यालय शिक्षामा प्राज्ञिक व्यक्तिहरूको नियन्त्रण, विद्यालय शिक्षामा प्राज्ञिक व्यक्तिहरूको स्थान, विद्यालय शिक्षामा स्वायत्तता आदि जस्ता अत्यावश्यक विषयहरूलाई पन्छाएर प्राज्ञिक प्रकृतिका सम्पूर्ण कार्य प्रशासनिक नियन्त्रणमा लैजाने चेष्ठा गरेको छ । अझ भनौं अन्तर्राष्ट्रिय स्तरमा भएको विद्यालय शिक्षाको अवधारणा, दशौं योजनाको भावना र विभिन्न शिक्षा आयोगका प्रतिवेदनहरूको अपव्याख्या भएर कक्षा ९-१२ मा राष्ट्रिय परीक्षा बोर्ड गठन गर्ने तथा अन्य प्राज्ञिक कार्य कर्मचारीबाट नियन्त्रित विभिन्न निकायले गर्ने भनि प्रस्तावित गरिएको छ । यस्तो भएमा अर्को दशवर्ष पछि यस देशको विद्यालय शिक्षा अझ दुर्गति तर्फ जाने स्पष्ट छ । शाही शासनकालको उदाहरण हामीसँग ताजै छ । कर्मचारीबाट नियन्त्रित र संचालित माध्यमिक तहको शैक्षिक कार्यक्रमहरूलाई राष्ट्रबादी शिक्षाको नाममा (यसमा कर्मचारीहरू दोषि छन् भन्न खोजिएको होइन) तहस नहस गरियो । उता उच्च माध्यमिक तहको कार्यक्रममा प्राज्ञिक व्यक्तिहरूको संलग्नता रहेको र प्राज्ञिक नेतृत्वमा शैक्षिक नीतिगत निर्णयहरू हुने भएकोले तत्कालिन अवस्थामा माध्यमिक तहको शैक्षिक कार्यक्रममा परेको जस्तो नकारात्मक प्रभाव उच्च माध्यमिक तहको शैक्षिक क्रियाकलापमा पर्न पाएन । देशमा लोकतन्त्र आएपश्चात माध्यमिक तहको पाठ्यक्रममा रहेका कैयौं विषयहरू अध्यापन नगराउनु भन्ने सूचनाहरू हाम्रो सामु ताजै छन् । त्यस्ता प्रकारका कुनै पनि सूचना उच्च माध्यमिक शिक्षा परिषद्ले गरिरहनु परेन । यसको मुख्यकारण उच्च माध्यमिक शिक्षाको स्वायत्तता हो । अतः शिक्षाको गुणस्तर उकास्ने हो, विद्यालय शिक्षामा समतामूलक पहुँच बढाउने हो र विद्यालय शिक्षाको सान्दर्भिकता स्थापित गर्ने हो भने पुरै विद्यालय शिक्षालाई कर्मचारीको नियन्त्रणबाट झिकेर स्वायत्त संस्था एवं प्राज्ञिक नेतृत्वमा संचालन गर्नुको विकल्प छैन ।

School Sector Approach कार्यक्रमअन्तर्गत हाल तयार भएको अवधारणबाट विद्यालय शिक्षालाई लैजाँदा विद्यालय शिक्षा परम्परागत शिक्षा प्रणालीमा फर्कन गई देशको शिक्षाले ठूलो दुर्घटना व्यहोर्नुपर्ने छ । त्यस दुर्घटनाको असर उच्च शिक्षा, Job Market तथा समग्र अर्थतन्त्रमा समेत पर्नेछ । ती अवस्यंभावि नकारात्मक असरहरूको जवाफदेहिता लिन प्रस्तावित अवधारणाको वकालत गर्ने कोही पनि व्यक्ति भोलि तयार हुनेछैनन्, भोलिका दिनमा ती सबैको जवाफ आजका प्राज्ञिक व्यक्ति, सरोकारवाला र राजनीतिक पार्टीले लिनुपर्नेछ । अतः यस देशलाई कस्तो शिक्षा पद्धतिले आर्थिक, सामाजिक राजनैतिक, सांस्कृतिक, नैतिक एवं आध्यात्मिक रूपान्तरणमा मद्दत पुऱ्याउदछ, यस्तो पद्धति छान्ने, तयार गर्ने र लागू गर्ने अधिकार तथा कर्तव्य शिक्षाविद्, सरोकारवाला एवं राजनीतिक पार्टीहरूको भएकोले त्यसतर्फ सबै सरोकारवाला बढी सचेत हुन जरूरी छ । २१ औं शताब्दीमा आएर हामीलाई कोहि कसैले झुक्याएर गलत नीति पो ल्याएछ भनेर भोलि उन्मुक्ति खोज्नु सर्वथा राम्रो हुँदैन । त्यसैले हाल School Sector Apporach टिमबाट तयार भएको विद्यालय शिक्षाको एकीकृत अवधारणा र सो

संचालनका लागि प्रस्तावित प्रशासनिक नियन्त्रण भित्र रहने संयन्त्रको अवधारणा सम्बन्धमा यस प्रकारको प्राचार्य/संयोजक भेलाबाट जाने सुझावले सशक्त भूमिका निर्वाह गर्दछ ।

तीनवर्षे अन्तरिम शिक्षा योजनामा (विद्यालय शिक्षाको अवधारणा स्वरूप सम्बन्धमा) देखिएका त्रुटिहरू शाही शासनकालमा आएको अध्यादेश र २०६३/९/१४ मा जारी ऐनद्वारा परेको असर, प्रस्तावित तीनवर्षे अन्तरिम योजना तर्जुमा खाकासँग असहमत हुनुपर्ने कारणहरू उल्लेख गरी यस देशमा अवको विद्यालय शिक्षाको संगठनात्मक स्वरूप, विद्यालयको शैक्षिक व्यवस्थापन, शिक्षामा लगानी, शिक्षक र विद्यार्थीका युनियनहरू, शिक्षाको न्यूनतम स्तर, शिक्षामा जवाफदेहिता, पारदर्शिता, शिक्षामा राजनैतिक प्रतिवद्धता तथा शैक्षिक निकायहरूमा प्राज्ञिक नेतृत्व एवं प्राज्ञिक मानिसहरूको स्थान आदि जस्ता विषयहरूलाई समेटेर उच्च माध्यमिक शिक्षा परिषद्‌बाट सरकार र संसदको सामाजिक एवं जनसंख्या समितिमा एउटा दस्तावेज बुझाइएको छ । जसमा हामी छलफल गर्नेछौं । साथै केही देशको School Education System, Prof Dr. R.H. Dave को कार्यपत्र एवं केही लेख र जानकारीहरू अनुसूचि तथा सन्दर्भ सामग्रीको रूपमा राखिएको छ । जसले हामीलाई समूहगत छलफलमा मद्दत गर्ने छ ।

विश्वव्यापीकरणको युगमा उपयोगिताका सिद्धान्तको आधारमा विद्यार्थीको रूचिअनुरुपको विषयबस्तु तयार गर्नु, ब्यबसायिक विषय र सामान्य विषयहरू विचको अन्तरसम्बन्ध पाठ्यक्रमले कायम गर्न सक्नु, विकासको बदलिदो गति बमोजिम शिक्षाको विशिष्ट उद्देश्यहरूको पहिचान गर्न सक्नु, विद्यार्थी स्वयंले आत्मानुभूति गर्न सक्ने सामाजिक प्रक्रियाको ज्ञान दिन सक्ने र आजको आधुनिक तर जटिल मानव समाजका लागि अपरिहार्य Life Long Education उपलब्ध गराउनु आदि शैक्षिक योजना निर्माणका प्रमुख चुनौति हुन् । मानिसको जीवनलाई उत्पादनशील बनाई शैक्षिक प्रक्रिया र जीवन प्रक्रियाबीच अन्तरसम्बन्ध कायम गराउन सकेको खण्डमा मानिसको जीवनलाई सार्थक र सुखमय बनाउनुको अलावा Life Expectency र Chances of Survival समेत बढाउन सकिन्छ । यी सबैको लागि राम्रो दीर्घकालीन योजनाको आवश्यकता पर्दछ । यस देशको शैक्षिक विकासक्रमको इतिहास हेर्ने हो भने डोनरको दबाबमा, राजनीतिक क्रिया प्रतिक्रियामा तथा पदासीन व्यक्तिहरूको अहंका आधारमा समग्र देशको शिक्षा नीति र योजना छोटो/छोटो समयमा फेरबदल भइरहेको छ । यसले देशलाई राम्रो बाटोमा पक्कै लाँदैन । अतः यहाँ एउटा चिनियाँ उखान सान्दर्भिक देख्दछु "If you are Planning for one year, Plant Crops, if you are Planning for ten years, plant trees, if you are Planning for hundred year invest on men" शिक्षामा गरिएको लगानी एवं शिक्षाका योजना, मानिसमा/जनतामा गरिएको लगानी र योजना हो, जसले देशको पुंजी, स्रोत र साधनहरूको सन्तुलित परिचालन गर्दछ । यहाँ भन्न खोजिएको यति हो - Education is seed of Economic Development त्यसैले शिक्षाका नीति/योजना तर्जुमा गर्ने कार्यमा पुरै देशको संलग्नता हुनुपर्दछ, नकि केही सीमीत व्यक्तिहरूको ।

## १०. यस कार्यपत्रबाट अपेक्षा गरिएका सुझावका क्षेत्रहरू

- शिक्षाको संरचनालाई देशको आवश्यकता भन्दा डोनरहरूको इसारामा बिना औचित्य भत्काउन मिल्छ ?
- नेपालको विद्यालय शिक्षालाई कसरी अगाडि बढाउने भन्ने विषयमा नेपाली प्राज्ञहरूको साझा निर्णय हुन सक्दैन ?
- के शिक्षा विभाग र पाठ्यक्रम विकास केन्द्र उच्च माध्यमिक शिक्षाको प्राज्ञिक बोझ थाम्न सक्षम छ ?
- के विद्यालय शिक्षाको गुणस्तरलाई World Bank र Danida को सोचाईले मात्र वृद्धि गर्न सक्दछ ?
- के उच्च माध्यमिक शिक्षा परिषद्‌लाई परीक्षा बोर्डमा मात्र सीमित राख्दा देशकै लागि लज्जास्पद हुँदैन ?

- नेपालमा विद्यालय शिक्षाको नेतृत्व प्राज्ञिक व्यक्तिले लिनु पर्ने हैन र ?
- कक्षा १ देखि १२ सम्मको शिक्षालाई स्वायत्त निकायबाट संचालन गर्दा शिक्षाको गुणस्तर वृद्धि हुन्छ कि प्रशासनिक नियन्त्रणबाट संचालन गर्दा ?
- पाठ्यक्रम जस्तो विषयवस्तु कर्मचारीले टिप्पणी उठाएर स्वीकृत गर्ने हो कि ? प्राज्ञिकहरूले मन्थन गरेर ?
- उच्च माध्यमिक तहमा माध्यमिक तहलाई समायोजन गरेर माध्यमिक एवं उच्च माध्यमिक तहमा व्यवसायिक धार समेत समाहित गर्ने कि नगर्ने ?
- परिषद्बाट प्रस्ताव गरिएको विद्यालय शिक्षाको स्वरूपलाई लागू गरेर स्वायत्त बोर्डहरू मार्फत विद्यालय शिक्षा संचालन गर्न प्राज्ञिकहरू तयार छन् छैनन् ?

## ११. सीमितता

विद्यालय शिक्षाको अवधारणा र उच्च माध्यमिक शिक्षाको सरोकारलाई ९/१० पेजमा समेट्न संभव थिएन, त्यसैले परिषद्ले तयार गरेको विद्यालय शिक्षाको अवधारणा, मन्त्रालयबाट तयार भएको तीनवर्षे अन्तरिम योजनाखाका, पत्र पत्रिकामा आएका केहि लेख/अन्तर्वाता, यस तहको शिक्षाको प्रचलन तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाएका विद्वानको कार्यपत्रको सारलाई यस कार्यपत्रमा पूर्णरूपमा समेट्न सकिएन । तसर्थ उक्त दस्तावेजहरूको छायाँ प्रति र परिषद्को मुखपत्र सम्प्रेषण आवश्यक सन्दर्भ सामग्रीको रूपमा राखिएको छ । ती सबै दस्तावेजहरू समूह छलफलमा यस कार्यपत्रको सन्दर्भ सामग्रीको रूपमा रहनेछन् ।

## १२. निष्कर्ष

नेपालकै विभिन्न आयोगहरूको प्रतिवेदनले ६-८ लाई निम्नमाध्यमिक, ९-१० लाई माध्यमिक तथा ११ र १२ लाई उच्च माध्यमिक शिक्षा मान्ने र दशौं पञ्चवर्षीय योजनाले समेत प्रवीणता प्रमाणपत्र तहलाई विस्थापन गर्दै उच्च माध्यमिक शिक्षामा समाहित गर्ने भन्ने जस्ता नीतिगत अवधारणा अगिंकार गरेको अवस्थामा दशौं योजनाले प्रक्षेपण गरेको विद्यालय शिक्षाको अवधारणालाई अपव्याख्या गरी उच्च माध्यमिक शिक्षाको अस्तित्त्व समेत स्वीकार गर्न नखोज्नु पेशाविद्/शिक्षाकर्मीहरूका लागि स्वीकारयोग्य देखिदैन । संसारको शिक्षा पद्धति एउटा दिशामा हिंड्ने अनि नेपालको शिक्षा पद्धति अर्को दिशामा हिंड्दा मुलुककै लागि हास्यास्पद हुने देखिन्छ । कक्षा १० पछिको शिक्षा, विद्यालय शिक्षाकै अंग हो तर यसलाई विश्वले उच्च माध्यमिक शिक्षाकै रूपमा स्वीकार गरेको छ । साथै अवको विश्व बढी प्रतिस्पर्धी भएकोले ९-१२ को शिक्षालाई बदलिदो विश्वका चुनौतिहरूसँग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने स्थितिमा पुऱ्याउनुपर्दछ । जुन कर्मचारीद्वारा संचालित कार्यक्रमबाट सम्भव छैन् । यसका लागि प्राज्ञिक व्यक्तिहरूको थलोको रूपमा प्राथमिक, माध्यमिक एवं उच्च माध्यमिक कार्यक्रमलाई विकास गर्दै लैजानुपर्दछ ।

***सन्दर्भ सामग्री***


- *IBE Website*
- *Education and Human Development - a Futuristic Approach/Prof. R.H. DAVE (2005)*
- *Psychological Foundation of Education/W M DANDEKAR (Second Edition 1981)*
- *नेपालका शिक्षा आयोगहरूका प्रतिवेदनहरू/गोपीनाथ शर्मा - समीक्षक (२०५९)*
- *दशौं पञ्चवर्षीय योजना/नेपाल सरकार*
- *Impact of Higher Secondary Educaton/Hope Nepal (2006)*
- *अन्तरिम शिक्षा योजना र विद्यालय शिक्षाको स्वरूप/यसले पार्ने असरहरू - उ. मा. शिक्षा परिषद् (२०६४)*
- *H. S. E. Should it be merged with MoES? - Prof. M. P. Wagley (The Himalayan Times)*